गोधूलि हाइगा – २०१५
भाग २

(Godhooli Haiga – 2015
Part II

हाइगा प्रयोगको दोश्रो प्रयास
(Second Trial of Haiga Experiment)

“गोधूलि” दिनेश
“Godhooli” Dinesh



कतिबेला आँखाले हेरिरहँदा पनि सबैकुरा देखिँदैन कानले सुनिरहँदा मात्र पनि सबैकुरा बुझिँदैन, अनि प्रकृतिमा रहेका अनगिनत् मनमोहक यथार्थतालाई अलिकति देखाएर र अलिकति भनेर केही समयको लागि त्यस्को खालिपनमा दर्शकलाई घोत्लिन बाध्य बनाउने एउटा लघु कलाकारिताको नाम हो "हाइगा" अर्थात् लघु-कबिते-चित्र। विश्वको सबैभन्दा छोटो कविता "हाइकु" तथा तेसैको सेरोफेरोमा संगसंगै रहेर न्यून रंगले कोरेको चित्रकला जुन चार शताब्दि अगाडि जापानबाट सुरु भएको थियो अहिले संसारभरका कलाप्रेमीहरूले आ-आफ्नो परिवेशमा रहेर हाइगाको सिर्जना गरी आनन्द उठाइराखेका छन्। नेपालमा हाइकु लेखन सुरु भएको पनि पचास वर्ष नाघिसक्यो भनिन्छ तर हाइगाको सिर्जना भने त्यतिसाह्रो भइराखेको देखिँदैन। नेपाली समाजमा यो नौलो झैँ लाग्दछ।

सत्र स्वर निकालेर दुई या तीन वाक्यांशबाट प्रकृतिको क्यानभासमा बिभिन्न ऋतुमा देखिने दृश्यलाई लघु कवितामा र सकेसम्म कम रंगको ब्रसको झड्काले तयार पारेको चित्रकलाको संयोजनबाट लघु कलाको मर्मलाई अझै गहिरो बनाउने कलाकारिता भनेको हाइगा हो।

यो कलालाई फुर्सतको बेलामा मैले गत दुई वर्ष देखि अभ्यास गर्दै सबै साथीभाईहरू संग साट्ने प्रयासको रूपमा लिएको छु। यो पुस्तक २०१५ सालमा मैले बनाएका हाइगाहरूको संकलन हो। मेरो दोश्रो प्रयास, भाग-२, कस्तो लाग्यो प्रतिकृयाको लागि प्रतिक्षारत छु। आभारी हुनेछु।

'गोधूलि' दिनेश चापागाञी

www.dineshchapagain.com.np

dineshchapagain1945@gmail.com

नयाँ वर्ष शुभ-कामना

HAPPY NEW YEAR

सुबोल बोल –
भलो समाचार ले
ठाम सरी बस् !

Speak nice words –
Bring good news
Change your position !

ताता बुध्द

HOT BUDDHA

ठिहिराउने
दलीय खेल भित्र –
बुध्द तात्लान् !

Shivering cold
Within the political game –
Buddha may lose temper !



शीत लहर

COLD WAVE

भद्रगोल छ,
नारायणी तीरमा
शीत लहर !

Haphazard there
After the cold wave –
Life blossoms !

उडान

FLIGHT

बादल माथि
चरा छैनन् कुनै
म उड्दै छु !

Beyond the cloud
There are no birds –
I am flying !



हँसिलो दिन

SMILING DAY

घाम झुल्कँदा –
शीत लहर पछि
तनै फुल्दछ !

Sun shining
After the cold waves –
Life blossoms !

बिछोड

SEPARATION

छता छुल्ल भो
यो उज्यालो रातमा –
सपना सबै !

Splashed everywhere
In this bright night –
All dreams !



दुई पुस्ता

TWO GENERATIONS

गोधूली साँझ
लालुपाते बारीमा
युवाको जोश !

Evening crimson
Red-leaves garden
Energy of youth !

मौन पर्खाई

WAITING SILENTLY

पर्खाईमा छु
कोही आउला भनी –
बिदेशिए ती !

Am waiting
Somebody may come –
Alas hey migrated !



चिसो हावा

COLD WIND

मलिनो घाम
चिसो हावा चलेथ्यो –
परेवा रोयो !

Soft sun
There was a cold wave
Pigeon cried !

हिमाल

HIMALAYA

हिउँको टोपी
पहाडले लाएछ –
फाटेको भोटो !

Snow cap
Wearing by mountain –
Worn-out inner !



अँध्यारो तिहार

DARK TIHAR

भोलीको औंसी
उज्यालो पुगेन खै –
ओभरकोटमा !

No-moon day tomorrow
Where is the lightings –
Inside overcoat !



माकुराको जाल

SPIDER WAVE

गोधूलि साँझ
माकुराको जालोमा –
सारौँको हुल !

At sunset time
Within the spider web –
Flock of birds !

नेपाली नयाँ वर्ष

NEPALI NEW YEAR

यो नयाँ वर्ष
बादली पर्दा भित्र –
सूर्य छन् नी !

This new year,
Behind cloudy screen –
It is a sun !



अँध्यारो होली

DARK HOLI

पिचकरीले
रंगाएको आकाश –
ढोका बन्द छ !

By hand pump
Colorfully painted sky –
Door is closed !



दिगम्बर

DIGAMBAR

ओ दिगम्बर !
हाँस्दै रथ यात्रामा –
मोक्ष यहाँ छ !

Oh! Digambar
Happy chariot procession
–
Liberation is over here !



ओसिएको जवानी

DAMPENED YOUTH

जाडो सिध्दियो
रित्तिएको जोवन –
ओसिलो भयो !

Winter has gone
The emptied youth
Dampened !



महा भुकम्प

GREAT EARTHQUAKE

ईशु अल्लाह
शिवको धरोहर –
गइछ कता ?

Christ, Allah
Heritage of *Shiva*, too –
Where has it gone!

पछुवा हावा

WESTERN WIND

चैते बांदर,
अत्तासियको खेत –
असिना पर्यो !

Monkey on April
Fields are upset –
Falling snowballs!

कल्पना

FANTASY

गजेंडी धुवाँ
शिवजी मस्त छन् –
नक्कले पानी !

Marijuana smoke
Enlightened *Shiva* –
Artificial rain !

सुखा बतास

DRY WIND

सुखा बतास
आउन सकिनन् –
काँडाको पिडा !

Dry air blown
She could not come –
Thorny pain !



चैते हुरी

APRIL WIND

चैते हुरीले
लग्यो उडाई छाना –
भयो उज्यालो !

April wind
Roof flown away –
Brightness appeared!

प्रजातन्त्र दिवस

DEMOCRACY DAY

शहीद मन्चमा
भाषण गर्दै छन् –
मोक्ष खोइ त?

At martyrs stage,
Speeches of leaders –
Where is liberations ?



घामकिरी

DRAGON FLY

घामकिरी
भुईं कामिरहँदा –
बेपरवाह !

The dragon fly
Even the earth trembling –
Carefree !



शिरीषको फूल

BLUE MIMOSA

गर्मीको ताप
शिरीषको छहारी –
भगेँरी जोडी !

Summer heat
Shadow of Mimosa
Pair of sparrow !



काठ टोकुवा चरो

WOODPECKER

सुखा मौसम
आहारा खोज्दै हिँड्दा –
सुकेको रूख !

The dry season
Looking for foods –
Dead tree !

बन्द जवानी

BLOCKED YOUTH

मेरो शहर
कोठाभित्र नेटमा –
बन्द जोवन !

My city
On the net inside the room –
Blocked youth !

एकान्किपन

LONELINESS

मलिन रात
तिम्रो प्रतिक्षामा म –
सुखा खेत !

Soft night
I am waiting for you –
Dry field !



आशा

HOPE

चम्केछ तारा
आँगनमाथि मेरो -
भग्नावशेष !

Stars shining
Above my courtyard –
Wreckages !

बहिरो आँखा

DEAF EYE

सकिन देख्न
वर्षा सुरु भो, अनि
पानीको आवाज।

Could not see
Monsoon started –
Sound of the rain !

आकाशगङ्गा

THE GALAXY

आकाशगङ्गा –
एक तारा झरेथ्यो
गयो फर्केर !

The Galaxy –
A star dropped and
Went back again !

श्वर्गकी चरी

BIRD OF PARADISE

श्वर्गकी परी
रातको झरीपछि –
भेँडाको ऊन !

Bird of paradise
After rains at night –
Ships wool !

गुरु दिवस

TEACHER'S DAY

गुरु पूर्णिमा
कालो बादलमाथि –
पुर्ण चन्द्रमा !

Teacher's day
Above the black cloud –
Full moon !

सारौं

MYNA

वर्षे विहानी
आहारा खोज्दै सारौं –
भिजेको चौर !

Monsoon morning
Myna searching foods –
Wet grassland !

घण्टाकर्ण

GHANTAKARNA

मैलो आकाश
घण्टाकर्ण भेटिन
गठे मङ्गलमा !

Dirty sky
Could not find
Ghantakarna –
In *Gathemangal* !



पहेँलो नरकट

YELLOW BULRUSH

नरकटको
पात पनि सुकेछ –
वर्षा याममा!

Bulrushes
Even leaves dried up –
In rainy season !



एक्लोपन

LONELINESS

अपुरो गीत
बाँसुरीको धुनमा –
शुन्य छ गाउँ !

Uncompleted song
On the melody of flute –
Village is empty !

जनै पूर्णीमा

JANAI POORNIMA

पानिमा रुझ्दै
संस्कृतिको नाममा –
अहंको खेती !

Soaked in rain
In the name of culture –
Harvesting the ego !

क्वाँटीको झोल

BEANS SOUP

पिरो क्वाँटीले
धेरै रमाइलो भो –
ज्वाइँ र छोरी !

Spicy beans-soup
Was really entertaining –
Daughter and in laws !

नेपाल संविधान

NEPAL CONSTITUTION

मूल कानून
शून्य अनन्त माझ
कालो प्रदेश !

Master Act
Between zero-infinity –
Black state !



ताडीको रुख

PALM TREE

गंगा किनार
बढ्न पाखुरा त्याग्छ –
ताडीको रुख !

At the bank of *Ganga*
Renunciating arms to grow–
The palm tree !

हरीयो गङ्गा

GREEN GANGA

जल सुवास
लक्ष्मण झुलामाथि –
हरियो गंगा !

Water fragrance
On Laxmanjhula bridge –
Green *Ganga* !

परिवर्तन

THE CHANGE

गंगा स्नानमा
पानी समात्न खोजें –
बगिसकेछ !

Taking bath at *Ganga*
Wanted to hold water –
Already flown away !

कालो चन्द्रमा

BLACK MOON

गंगा आरति
झुल्कियो डाँडामाथि –
पूर्ण चन्द्रमा !

Evening worship at *Ganga*
Above the hill rose –
Full moon !

दशै २०७२

DASAIN, 2072

दशै आयो रे
असंलग्न अबिरल –
बगिरहेछ!

Oh! *Dasain* came
Non-aligned non-stopping –
It is blowing !



परमानन्द

BLISS

मिठो बतास
चुम्वन–आनन्दित –
गंगा तरंग !

Sweet wind
As kiss and bliss
Ganga wave !



तिहार पर्व

TIHAR FESTIVAL

तिहार आयो
एक्लो फूल फुलेछ –
परदेशमा !

Tihar has come
A lonely flower blossomed
–
In foreign land !

यो शरीर

THIS BODY

पन्च तत्वले
लत्रेको शरीर यो -
आत्म विचार !

By five elements
Bent this body –
Self enquiry !



सीमा नाकावन्दी

BLOCKED BORDER

नाकावन्दीमा
सुन्दर शान्त देश –
तिमी कहाँ छौ?

At the blocked border
Wonderful peaceful state –
God where are you!



उल्टी गङ्गा

BACK WATER

पात उडेछ
उल्टो गंगा बगेर –
चरी झरी गो !

Leaves flew
Going river backwards –
Birds then dropped !

शून्य आकाश

EMPTY SKY

शुन्य आकाश
शरद ऋतु आयो –
हावा निर्मल !

Empty sky
Came autumn season
Soft wind !



क्रिसमस् दिवस

CHRISTMAS DAY

पुष महिना
विहान दिउँसो नै –
चिसो बतास !

The month of December
Morning to afternoon –
Cold wave !



भ्यागुते कुवाँ

फुरु इके या-
कावाजु तोबिकोमु
मिजु नो ओतो

पुरानो कुवा
भ्यागुतो ऊफ्रिएछ -
पानीको स्वर !

Old pond
frogs jumped
Sound of water.



सत्रौं शताब्दी बाट जापानी सेन कवि "मात्चुओ बासो" द्वारा सुरु गरिएको यो अनौठो लघु कलाकारिता "हाइगा" अहिले संसार भरि नै प्रसिद्धि प्राप्त गरिरहेको छ। बासो को सबैभन्दा प्रख्यात हाइगा "भ्यागुते कुवाँ" महान बासोलाई सम्झिँदै यहाँ प्रस्तुत छ। (courtesy: www.livingworkshop.net)